**नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

प्रेस विज्ञप्ति – २७ मार्च २००८

---

# ओएचसीएचआर-नेपाल फेब्रुअरीमा तराईमा भएको विरोध प्रदर्शन पछि मानवअधिकारको सम्मानको लागि सार्वजनिक सुरक्षा निकायहरूलाई सबल पार्न अरू बढी सहयोग प्रदान गर्ने प्रस्ताव गर्दछ

फेब्रुअरी महिनामा तराईमा भएको राजनीतिक विरोध प्रदर्शनहरूको क्रममा भएका हिंसा र मानवअधिकार उल्लंघनहरू पुनःदोहरिन नदिन नेपालको सार्वजनिक सुरक्षा प्रणालीमा सुधार र मानवअधिकारप्रति अझै ठूलो सम्मानको खाँचो छ भन्ने कुरा ओएचसीएचआर-नेपालले बिहिबार जारी गरेको रिपोर्टले उल्लेख गर्दछ ।

प्रतिवेदनले २००८ को फेब्रुअरी १३-२९ को अवधिमा तराईमा भएका विरोध प्रदर्शनहरूको क्रममा देखिएका मानवअधिकारसम्बन्धी चासोहरूलाई संक्षेपमा समेटद्छ । प्रतिवेदन ओएचसीएचआर-नेपालले उक्त अवधिमा गरेको स्थलगत अनुगमन, पीडित तथा तिनका परिवारजन, स्थानीय अधिकारी, प्रहरी र मानवअधिकार रक्षकहरूसंग लिएको अन्तर्वार्ता र सरकारसंग गरेको संचार र साथै ओएचसीएचआर-नेपालले विगत दुई वर्ष भन्दा बढी समयदेखि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपिएफ)को मानवअधिकारप्रतिको सम्मानको अनुगमन र प्रतिवेदनमा आधारित छ ।

यी घट्नाहरूले नेपालको संक्रमणको अशान्त प्रकृति तथा कानुन र व्यवस्था कायम गर्ने जिम्मेवारी बोकेका निकायहरू, जो पर्याप्त तालिम, स्रोत र स्तरीय संचालन कार्यविधिहरूको अभावसहित अप्ठेरो स्थितिमा काम गर्नु पर्छ, ले भोगेका चुनौतिहरूलाई उजागर गर्दछन् । ओएचसीएचआर- नेपालले के निष्कर्ष निकालेको छ भने फेब्रुअरीको प्रदर्शनहरूमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले प्रदर्शनकारीहरूसंग रचनात्मक व्यवहार गर्न ठूलो प्रयास गरेका छन् र पहिले भन्दा बढी संयमता अपनाएका छन् ।

यसका बाबजुद विरोध प्रदर्नहरूमा प्रहरीले आफ्नो कार्य गर्दा केही घट्ना र स्थानहरूमा उसको कारबाहीले मानवअधिकारसम्बन्धी गम्भीर चासोहरू, मुख्यगरी बलको अत्याधिक प्रयोगसम्बन्धी, उठाएको ओएचसीएचआर-नेपालले फेला पारेको छ ।

ओएचसीएचआर-नेपालले ६ व्यक्ति मारिएको घट्नाको अनुसन्धान गरेको छ जसमध्ये ५ जना प्रहरीले चलाएको बन्दुकको गोली लागी मृत्यु भएको थियो र यी सबै घट्नामा भएको बलको प्रयोगको औचित्यता पुष्टि भएन ।ओएचसीएचआर-नेपालले प्रहरीद्वारा प्रयोग गरिएको हतियार र लाठीहरूको परिणामस्वरूप भएका हानी वा क्षतिसम्बन्धी कैयौं घट्नाहरूको पनि अनुसन्धान गरेको छ ।

प्रहरीले बलको प्रयोगको सम्बन्धमा राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मापदण्डहरूको सधैं पालना गरेन ।अन्तर्राष्ट्रिय मापदण्डहअनुसार हतियारको प्रयोग तत्काल आइपर्ने जीवनको संकट वा गम्भीर हानी वा क्षति हुनबाट जोगाउन अन्तिम उपायको रूपमा मात्र गर्न सकिन्छ र बलको कुनै पनि प्रयोग आवश्यक र समानुपातिक हुने गरी सीमित हुनु पर्छ ।साथै, प्रमुख जिल्ला अधिकारी (सीडीओ)हरूले जारी गरेका कर्फ्युका केही आदेशले प्रहरीलाई हतियारको प्रयोग गर्न फराकिलो स्वविवेकी अधिकारको प्रयोग गर्ने अनुमति प्रदान गरेको देखियो जसले बाँच्न पाउने अधिकारसहित अन्य अधिकारहरूको उल्लङ्घनको जोखिमलाई निम्त्यायो ।

मानवअधिकारको उल्लङ्घन भएको भनिएका धेरै घट्नाको जाहेरी दर्खास्त लिनु पर्ने प्रहरीको कानुनी कर्तव्य उसले पूरा नगरेको देखिन्छ ।ओएचसीएचआर-नेपालले यी घट्नाहरूको अनुसन्धान गर्न र विरोध प्रदर्शनहरूको अवधिमा भएका मानवअधिकार उल्लङ्घन र अपराधिक व्यवहारका लागि जिम्मेवार व्यक्तिहरूलाई, जहाँ उपयुक्त हुन्छ, अभियोजन गर्न आह्वान गर्दछ । दण्डहिनतालाई सम्बोधन गर्न र कानुनी शासनमा सार्वजनिक विश्वास पुनःस्थापित गर्न यस्ता कार्यहरूको पूर्ण जवाफदेहिता महत्वपूर्ण हुन्छ ।

प्रतिवेदनका सिफारिसहरूले जवाफदेहिता र प्रहरीद्वारा बलको प्रयोग र साथै बन्द, प्रदर्शन र विरोध कार्यक्रमहरूको संचालनसंग सम्बन्धित चासोहररूलाई सम्बोधन गर्दछन् । ती निम्न छन्-

**तत्काल**

- ओएचसीएचआर- नेपाल विरोध प्रदर्शनको क्रममा भएका कुनै पनि मृत्यु वा गम्भीर हानी वा क्षतिको तत्काल जाहेरी दरखास्त दर्ता गर्न र अनुसन्धान थाल्न नेपाल प्रहरीलाई अनुरोध गर्दछ ।थुनामा परेका सर्वसाधारणहरूको दुर्व्यवहारसम्बन्धी आरोपहरूको पनि अनुसन्धान गर्नु पर्छ ।

- बलको प्रयोग सम्बन्धमा ध्यान दिएर सुपरीवेक्षण गर्न सरकारले सीडीओ र प्रहरीलाई स्पष्ट आदेशहरू जारी गर्नु पर्छ र यदि उल्लङ्घन भएको पत्ता लागेमा तत्काल कारबाही गर्नु पर्छ ।

- ओएचसीएचआर- नेपाल प्रहरीद्वारा गरिने बल प्रयोगको सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्डहरू बमोजिम स्तरीय संचालन कार्यविधिहरू स्थापित गर्न आह्वान गर्दछ र पर्याप्त तालिम पनि प्रदान गर्नु पर्दछ ।

- पत्रकारहरूलाई भय एवं त्रास र हिंसा मुक्त भएर विरोध प्रदर्शनहरूसम्बन्धी समाचार लेखन गर्ने अनुमति दिइनु पर्दछ ।

**मध्यम अवधि**

- जस्तै अत्याधिक बल प्रयोग भएको भनिएको घट्नाहरूमा, सार्वजनिक सुरक्षाका लागि जिम्मेवार निकायहरूभित्र तथा प्रजातान्त्रिक निगरानी अन्तर्गत संचालित निकायहरूमा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू अनुसार संस्थागत जवाफदेहिताको विकासको लागि लक्ष्यित भएर दुरगामी सुधारहरू कार्यान्वयन गर्न सरकारलाई जोडदार प्रेरित गर्दछ ।

**बन्द र विरोध कार्यक्रम आयोजकहरूका लागि**

- हिंसालाई टार्न र अरूको मानवअधिकारलाई सधैं सम्मान गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने वैध वा उचित दाबी गर्नेहरूसहित बन्द र विरोध कार्यक्रम आयोजकहरूको उत्तरदायित्व हुन्छ । बालबालिकाको अधिकारलाई पूर्णरुपमा सम्मान गरिनु पर्दछ र साथै बालबालिकाहररूलाई संभाव्य हिंसात्मक अवस्थाहरूमा छोडिदिनु हुन्न र उनीहरूलाई हिंसात्मक कार्यको लागि उक्साउनु हुन्न ।

"यस प्रतिवेदनले तराईमा भएको विरोध प्रदर्शनको क्रममा प्रहरीको कार्य सम्पादन अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू अनुसार अपर्याप्त भएको उल्लेख गर्छ ।तर प्रहरीले उनीहरूमाथि प्रद्रशनकारीहरूले आक्रमण गरेका घट्नाहरूसहित अप्ठ्यारो परिस्थितिहरूमा काम गरिरहेको थियो भन्ने कुरा पनि स्वीकार गर्छ," संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले भने ।

"प्रहरी लगायत नेपाल सरकारले सार्वजनिक सुरक्षा सुधारको लागि गरिरहेको प्रयासलाई ओएचसीएचआर-नेपाल स्वीकार गर्दछ र सार्वजनिक सुरक्षासम्बन्धी मानवअधिकारका पक्षहरूमा सल्लाह र सहयोग वृद्धि गर्न मेरो कार्यालय तत्पर छ ।"